
# सेरिब्रल पाल्सी



कोपिला-नेपाल

# सेरिब्रल पाल्सी

## सेरिब्रल पाल्सी भनेको के हो ?

सेरिब्रल पाल्सी भनेको "मस्तिष्कको पक्षघात" हो । यो अपाङ्गतामा शरीरको चाल र पोजिशनमा असर पर्छ । बच्चा जन्मनुभन्दा पहिल्यै, जन्मदाखेरि र जन्मिसकेपछि मस्तिष्कमा हानी पुगेर यो समस्या हुनजान्छ । यसमा पूरै मस्तिष्कमा खराबी हुँदैन । केही भागहरूमा मात्र (विशेष गरेर चालहरूको नियन्त्रण गर्ने भागहरूमा) खराबी हुन्छ । ती खराब भएका भागहरू ठीक हुँदैनन् र पछि गएर बढी खराब पनि हुँदैनन् । बच्चाको चाल, शरीरको पोजिशन र अरू समस्याहरूमा सुधार आउने हो कि खराबी बढ्दै जाने हो भन्ने कुरा त्यस बच्चाको मस्तिष्कमा कस्तो हानी पुगेको छ र हामीले उसको कस्तो हेरविचार गर्छौं, त्यसमा भर पर्छ । हामीले जति चाँडो उपचार थाल्छौं, त्यति धेरै सुधार हुनसक्छ ।


कैयौं देशहरूमा शारीरिक अपाङ्गताको सबभन्दा ठूलो कारण सेरिब्रल पाल्सी हो । हरेक ३०० बच्चामध्ये करिब एउटा बच्चामा सेरिब्रल पाल्सी हुन्छ ।

## सेरिब्रल पाल्सीलाई कसरी चिन्ने ?

**चिन्हहरू**

सामान्य

लल्याक लुलुक परेको




बच्चालाई समातेर उचाल्दा यसरी उल्टो 'U' जसरी झुन्डिन्छ र धेरै कम चल्छ वा चल्दै चल्दैन ।

- सेरिब्रल पाल्सी भएको बच्चा जन्मदा नै अक्सर लुलो हुन्छ अथवा सामान्य पनि देखिन सक्छ ।
- बच्चाले जन्मनेबित्तिकै सास फेर्न पनि सक्छ, नफेर्न पनि सक्छ र ऊ नीलो हुनसक्छ । मस्तिष्कमा हानी पुग्नाका मुख्य कारणहरूमध्ये बच्चाले ढिलो सास फेर्न सुरु गर्नु पनि एउटा कारण हो ।
- विकासमा ढिलाई – अरू बच्चाहरूका दाँजोमा त्यस बच्चाले टाउको उठाउन, बस्न



र चल्न वर्न ढिलो सुरू गर्छ ।

- उसले आफ्ना हातहरू प्रयोग नगर्न अथवा खाली एउटा हात मात्र चलाउन सक्छ ।
- खुवाउने समस्या : बच्चालाई चुस्न, निल्न र चपाउनमा कठिनाइ हुनसक्छ । अक्सर निसासिने र सर्किने हुनसक्छ । बच्चा ठूलो भइसकेपछि पनि यी समस्याहरू रही नै रहन सक्छन् ।



- बच्चाको स्याहारसुसारमा कठिनाइ : बच्चाको शरीर धेरै अररो वा धेरै लुलो हुनसक्छ जसले गर्दा उसलाई बोक्न, लुगा लगाइदिन, नुहाउन र खेलाउन वर्न गाह्रो पर्छ । पछि गएर ऊ आफ्नो हेरविचार आफैं गर्न नसक्ने हुनसक्छ ।



- बच्चा कतिसम्म लुलो हुनसक्छ भने उसको टाउकै नअडिएला जस्तो देखिन सक्छ । अथवा ऊ अचानक काठ जस्तै अररो हुनसक्छ ।
- बच्चा धेरै रोइरहने, ठुस्किइरहने अथवा झर्किइरहने हुनसक्छ । अथवा ऊ एकदम चुपचाप रहने, कहिल्यै पनि नरूने वा हाँस्दै नहाँस्ने हुनसक्छ ।



- सञ्चारमा कठिनाइ : बच्चाले कुनै कुरामा पनि प्रतिक्रिया नजनाउन सक्छ । यो समस्या केही हदसम्म लुलोपन या अररोपनले गर्दा अथवा अनुहार र हातका मांसपेशीहरूमा नियन्त्रण नरहनाले भएको हुनसक्छ । बच्चाले बोल्न ढिलो सुरू गर्नसक्छ र उसको बोली अस्पष्ट हुनसक्छ । पहिले पहिले त बाबुआमालाई बच्चाले के खोजेको हो भन्ने कुरा पत्ता लगाउन गाह्रो पर्छ तर विस्तारै विस्तारै थाहा हुँदै जान्छ । केही कुरा चाहिएको छ भने सुरूसुरूमा बच्चा खुब रून्छ तर पछि आफ्ना हात, खुट्टा या आँखाले सान गरेर सो कुरालाई देखाउन सक्छ ।



- वृद्धि - कुनै कुनै बच्चाहरू साह्रै लुला हुनाले र विस्तारै चल्ने हुनाले मन्दबुद्धि भएका जस्ता देखिन सक्छन् । केही बच्चाहरू चाहिँ अनौठो किसिमले र ज्यादै धेरै चल्ने हुनाले अबुझ जस्ता देखिन सक्छन् । तिनीहरूको अनुहार अचम्मसित चल्ने हुनसक्छ । अनुहारका मांसपेशीहरू कमजोर भएका हुनाले र निल्न गाह्रो हुने हुनाले मुखबाट ऱ्याल चुहिइरहने हुनसक्छ । यी सबै कुराहरूले गर्दा राम्रै बुद्धि भएको बच्चा पनि मूर्ख जस्तो देखिनसक्छ ।

  सेरिब्रल पाल्सी भएका बच्चाहरू मध्ये करिब आधाजति (बौद्धिक अपाङ्ता) भएका हुन्छन् । तर, कुनै बच्चाको मनस्थिति कस्तो छ भन्ने कुराको निर्णय हतारमा लिनहुँदैन । बच्चाको बुद्धि वास्तवमा कत्तिको छ भनेर थाहा पाउन पहिले




मन्दबुद्धिका ठानिएका कुनैकुनै बच्चाहरू मद्दत र तालिम पाएमा निकै बुद्धिमान साबित हुनसक्छन् ।

उसलाई मद्दत र तालिम दिएर हेर्नुपर्छ ।

- कहिलेकाहीँ सुन्ने र हेर्ने शक्तिमा नराम्रो असर परेको हुनसक्छ । यो कुरा थाहा हुन नसकेमा बच्चा मन्दबुद्धिको छ भन्ने लाग्नसक्छ । बच्चालाई ध्यान दिएर हेर्नुहोस् र उसले कत्तिको राम्ररी सुन्न र हेर्नसक्छ भन्ने कुरा पत्ता



लगाउनुहोस् ।

- सेरिब्रल पाल्सी भएका केही बच्चाहरूलाई कम्प आउने (छारेरोग) हुन सक्छ ।
- बच्चाको मनस्थितिमा एक्कासि परिवर्तन हुनसक्छ । बच्चाले एक्कासि हाँस्ने, रूने, डराउने, रिसाउने अथवा अरू कुनै अनौठो व्यवहार गर्ने हुनसक्छ । यस्ता व्यवहारहरू केही हदसम्म आफ्नो मनले गर्न खोजेका कुराहरू शरीरले गर्न नसक्ने भएको हुनाले पनि देखापर्न सक्छन् । धेरै हल्ला या चहलपहल भयो भने पनि बच्चा डराउने अथवा झर्किने हुनसक्छ । यस्ता बच्चाहरूको डर र असामान्य व्यवहारहरू ठीक पार्न धेरै मद्दत र धैर्यको आवश्यकता पर्छ ।
- छोएको, दुखेको, तातो भएको र चिसो भएको थाहा पाउने क्षमता हराउने हुँदैन । यी बच्चाहरूलाई आफ्नो शरीर कुन पोजिशनमा छ, त्यसको पनि ज्ञान हुन्छ । तर, उनीहरू चालहरूमा नियन्त्रण र जीउमा सन्तुलन भने राख्न सक्दैनन् । मस्तिष्कमा हानी पुगेको हुनाले यी कुराहरू सिक्न उनीहरूलाई धेरै गाह्रो पर्नसक्छ । धैर्यतापूर्वक उनीहरूलाई बारम्बार सिकाउने गरेमा मद्दत पुग्नसक्छ ।
- असामान्य रिफ्लेक्सहरू : भर्खर जन्मेका बच्चाहरूमा केही रिफ्लेक्सहरू हुन्छन्, जुन सामान्यतया केही हप्ता या महिनापछि आफैं हराएर जान्छन् । तर, सेरिब्रल पाल्सी भएका बच्चाहरूमा यस्ता रिफ्लेक्सहरू धेरै समयसम्म रहिरहन सक्छन् । यी बच्चाहरूमा घुँडाको रिफ्लेक्स र अरू टेन्डन रिफ्लेक्सहरूको जाँच गर्दा सम्बन्धित अंगहरू सामान्यभन्दा बढी उफ्रिने पाइन्छन् ।

## सेरिब्रल पाल्सीका किसिमहरू

हरेक बच्चामा फरकफरक किसिमको सेरिब्रल पाल्सी हुन्छ । यस रोगको व्याख्या गर्नका लागि विभिन्न विशेषज्ञहरूले विभिन्न तरिकाहरू निकालेका छन् । बच्चामा कुन किसिमको सेरिब्रल पाल्सी भएको छ भन्ने कुरा थाहा पाइरहन आवश्यक पर्दैन किनभने यस जानकारीले उपचार गर्ने तरिकामा अक्सर केही फरक पार्दैन । तैपनि मोटामोटी रूपमा तीन किसिमबाट सेरिब्रल पाल्सी देखापर्न सक्छ भन्ने कुरा थाहा पाइराख्नु चाहिँ राम्रै हुन्छ । यी तीनमध्ये दुई वा तीनै किसिम एउटै बच्चामा देखापर्न सक्छन् ।

## १. मांसपेशीहरूको अस्वाभाविक अरर्रोपन या स्पास्टिसिटी

स्पास्टिसिटी भएका बच्चाका मांसपेशीहरू धेरै कडा र अररो हुन्छन् । ऊ ढिलो र अनौठो तरिकाले चलफिर गर्छ । अक्सर गरेर बच्चाको टाउको कुनै खाल पोजिसनमा आयो भने उसको शरीर पनि असामान्य पोजिसनमा बस्न जान्छ । बच्चा उत्तेजित भएमा या उसको शरीर कुनै खसा पोजिसनमा रहन गएमा मांसपेशीहरूको अररोपन झन् बढ्न जान्छ । शरीरका कुन-कुन भागहरू कुन किसिमले अररा हुन्छन् भन्ने कुरा बच्चाहरू पिच्छे फरक फरक हुन्छ ।

बच्चाहरूलाई उत्तानो पारेर सुताउँदा अक्सर देखिने स्पास्टिक पोजिशनहरू



कुनैकुनै बच्चामा टाउको रकुमहरू अगाडितिर बाङ्गिएर रहन सक्छन् -



- अथवा दुवै पाखुराहरू सोझै अररिएर छाती र पेटमा रहन सक्छन् ।

बच्चालाई उभ्याउन खोज्दा गोडाहरू प्रायः अर्रा हुन्छन् र कैंची जस्तै गरी छेड्की परेर बस्छन् ।



कुनै बच्चाले हिँड्न सिक्यो भने पनि ऊ अर्रो भएर र अमिल्दो किसिमले हिँड्छ । हिँड्दाखेरि अक्सर घुँडाहरू बाङ्गिने र आपसमा जोडिने तथा खुट्टाहरू भित्रतिर बटारिने हुन्छन् ।



कुनैकुनै बच्चामा टाउको रकुमहरू अगाडितिर बाङ्गिएर रहन सक्छन् -



- अथवा दुवै पाखुराहरू सोझै अररिएर छाती र पेटमा रहन सक्छन् ।

बच्चालाई उभ्याउन खोज्दा गोडाहरू प्रायः अर्रा हुन्छन् र कैंची जस्तै गरी छेड्की परेर बस्छन् ।



कुनै बच्चाले हिँड्न सिक्यो भने पनि ऊ अर्रो भएर र अमिल्दो किसिमले हिँड्छ । हिँड्दाखेरि अक्सर घुँडाहरू बाङ्गिने र आपसमा जोडिने तथा खुट्टाहरू भित्रतिर बटारिने हुन्छन् ।

## २. अनियन्त्रित चालहरू अथवा “आथिटोसिस्”

आथिटोसिस्मा बच्चाका हात, पाखुरा, खुट्टा या अनुहारका मांसपेशीहरू विस्तारै वा एक्कासि चल्छन् । पाखुरा र गोडाहरू अनौठो किसिमले चल्न सक्छन् । अथवा हात या औंलाहरू मात्र बिना कारण त्यसै चल्न सक्छन् । यदि बच्चा आफ्नो इच्छाले चल्यो भने शरीरका अङ्गहरू ज्यादै छिटो वा ज्यादै धेरै चल्छन् । माथिका चित्रहरूमा दिइएका स्पास्टिक पोजिशनहरू बारम्बार देखापर्ने र हराउने हुन सक्छन् । बच्चामा सन्तुलनको धेरै कमी हुन्छ । र ऊ सजिलैसँग लड्छ । आथिटोसिस् भएका अधिकांश बच्चाहरूमा बुद्धि सामान्य हुन्छ तर बोल्नका लागि चाहिने मांसपेशीहरूमा असर परेको छ भने चाहिँ उनीहरूलाई आफ्ना विचार र आवश्यकता व्यक्त गर्न गाह्रो पर्नसक्छ ।




यस बच्चालाई गम्भीर किसिमको आथिटोसिस् भएको छ ।



आथिटोसिस् भएको बच्चामा पाखुरा र हातहरू नियमित रूपले चलिरहने वा एक्कासि झट्केर चल्ने हुन सक्छन् । बच्चा उत्तेजित भएमा वा उसले केही गर्न खोजेमा यस्ता अनियन्त्रित चालहरू झन् बढ्न जान्छन् ।

३. सन्तुलनको कमी अथवा "आटाक्सिया"

सन्तुलनको कमी अथवा आटाक्सिया भएको बच्चालाई बस्ने र उभिने काम शुरू गर्न गाऱ्हो हुन्छ । ऊ अक्सर लड्छ र आफ्ना हातहरूको प्रयोग बेछाँटले गर्छ । आटाक्सिया भएको बच्चामा यी समस्याहरू धेरै समयसम्म र कहिलेकाहीँ त जिन्दगीभरि नै रहन सक्छन् । उनीहरूको चाल नराम्रो हुने भएकोले कुनैकुनै दुष्ट बच्चाहरूले यस्ता अपाङ्ग बच्चाहरूलाई जिस्काउनेवर्ने पनि गर्छन् ।



आफ्नो जीउको सन्तुलन कायम राख्नका लागि आट्याक्सिया भएको बच्चा अगाडि झुकेर र खुट्टाहरू धेरै फट्याएर हिँड्छ ।

आटाक्सियाको जाँच



हातको औंला वा कुनै खेलौना बच्चाको अगाडि राखेर उसलाई एक्कै चोटिमा त्यो चीज छुन लगाउनुहोस् । आटाक्सिया भएको बच्चाले यसो गर्न सक्दैन ।

स्पास्टिसिटी वा आथिटोसिस् भएका धेरै बच्चाहरूमा सन्तुलनको पनि समस्या हुन्छ । हिँड्न सिक्नका लागि यो कुरा ठूलो बाधा बन्न सक्छ । जे भए पनि, यस्ता बच्चाहरूलाई समेत सन्तुलन बढाउन निकै मद्दत दिन सकिन्छ ।

नोट गर्नुहोस् : बच्चाहरूमा जुनसुकै किसिमको सेरिब्रल पाल्सी भए पनि बालकै हुँदा चाहिँ उनीहरू अक्सर लुला नै हुन्छन् । अररोपन र अनियन्त्रित चाहरू अलिअलि गरेर शुरू हुन्छन् । केही बच्चाहरू कुनै कुनै पोजिशनमा लुला भएर र कुनै कुनै पोजिशनमा चाहिँ अररा भएर पनि रहन सक्छन् ।

## सेरिब्रल पाल्सीले प्रभाव पारेका शरीरका भागहरू

सेरिब्रल पाल्सीमा ३ किसिमबाट शरीरका विभिन्न अङ्गहरू प्रभावित हुनसक्छन् :




सेरिब्रल पाल्सी भएका अधिकांश बच्चाहरूमा माथि बताइए अनुसार ३ किसिमबाट शरीरका अङ्गहरू प्रभावित हुन्छन् । तैपनि अरू भागहरूमा पनि केही समस्याहरू छन् कि भनेर जाँच्न नबिर्सनुहोस् ।


# कोपिला-नेपाल
# KOPILA-Nepal

**बुलौंदी, लेकसाइड, पोखरा–६, फोन : ०६१–४५६४०३, ४५३४८६**

E-mail : kopila2057@ntc.net.np, Website : www.kopilanepal.org.np


स्रोत : दि हेसपेरियन फाउण्डेशन, क्यालिफोर्निया, अमेरिका

# सेरिब्रल पाल्सी (CEREBRAL PALSY)


**सेरिब्रल पाल्सी भनेको के हो ?**


सेरिब्रल पाल्सी भनेको "मस्तिष्कको पक्षघात" हो । यस्तो अपाङ्गतामा शरीरको चाल र पोजिशनमा असर पर्छ । बच्चा जन्मनुभन्दा पहिल्यै, जन्मदाखेरि र जन्मिसकेपछि मस्तिष्कमा हानी पुगेर यो समस्या हुनजान्छ । यसमा पूरै मस्तिष्कमा खराबी हुँदैन । केही भागहरूमा मात्र (विशेष गरेर चालहरूको नियन्त्रण गर्ने भागहरूमा) खराबी हुन्छ । ती खराब भएका भागहरू ठीक हुँदैनन् र पछि गएर बढी खराब पनि हुँदैनन् । बच्चाको चाल, शरीरको पोजिशन र अरू समस्याहरूमा सुधार आउँछ कि खराबी बढ्दै जान्छ भन्ने कुरा त्यस बच्चाको मस्तिष्कमा कस्तो हानी पुगेको छ र हामीले उसको कस्तो हेरविचार गर्छौं, त्यसमा भर पर्छ । हामीले जति चाँडो उपचार थाल्छौं, त्यति धेरै सुधार हुनसक्छ ।

कैयौं देशहरूमा शारीरिक अपाङ्गपनको सबभन्दा ठूलो कारण सेरिब्रल पाल्सी हो । हरेक ३०० बच्चामध्ये करिब एउटा बच्चामा सेरिब्रल पाल्सी हुन्छ ।

**सेरिब्रल पाल्सीलाई कसरी चिन्ने ?**

सामान्य






लल्याक लुलुक परेको बच्चालाई समातेर उचाल्दा यसरी उल्टो 'U' जसरी झुन्डिन्छ र धेरै कम चल्छ वा चल्दै चल्दैन ।

**चिन्हहरू**

- सेरिब्रल पाल्सी भएको बच्चा जन्मदा नै अक्सर लुलो हुन्छ अथवा सामान्य पनि देखिन सक्छ ।
- बच्चाले जन्मनेबित्तिकै सास फेर्न पनि सक्छ, नफेर्न पनि सक्छ र ऊ नीलो हुनसक्छ । मस्तिष्कमा हानी पुग्नाका मुख्य कारणहरूमध्ये बच्चाले ढिलो सास फेर्न सुरू गर्नु पनि एउटा कारण हो ।





- विकासमा ढिलाई : अरू बच्चाहरूका दाँजोमा त्यस्तो बच्चाले टाउको उठाउन, बस्न र चल्न ढिलो सुरू गर्छ ।
- उसले आफ्ना हातहरू प्रयोग नगर्न अथवा खाली एउटा हात मात्र चलाउन सक्छ ।
- खुवाउने समस्या : बच्चालाई चुस्न, निल्न र चपाउनमा कठिनाइ हुनसक्छ । अक्सर निसासिने र सर्किने हुनसक्छ । बच्चा ठूलो भइसकेपछि पनि यी समस्याहरू रही नै रहन सक्छन् ।



- बच्चाको स्याहारसुसारमा कठिनाइ : बच्चाको शरीर धेरै अर्रो वा धेरै लुलो हुनसक्छ जसले गर्दा उसलाई बोक्न, लुगा लगाइदिन, नुहाउन र खेलाउन गाह्रो पर्छ । पछि गएर ऊ आफ्नो हेरविचार आफैं गर्न नसक्ने हुनसक्छ ।
- बच्चा कतिसम्म लुलो हुनसक्छ भने उसको टाउकै नअडिएला जस्तो देखिन सक्छ । अथवा ऊ अचानक काठ जस्तै अर्रो हुनसक्छ ।



- बच्चा धेरै रोइरहने, ठुस्किइरहने अथवा झर्किइरहने हुनसक्छ । अथवा ऊ एकदम चुपचाप रहने, कहिल्यै पनि नरूने वा हाँस्दै नहाँस्ने हुनसक्छ ।
- सञ्चारमा कठिनाइ : बच्चाले कुनै कुरामा पनि प्रतिक्रिया नजनाउन सक्छ । यो समस्या केही हदसम्म लुलोपन या अर्रोपनले गर्दा अथवा अनुहार र हातका मांसपेशीहरूमा नियन्त्रण नरहनाले भएको हुनसक्छ । बच्चाले बोल्न ढिलो सुरू गर्नसक्छ र उसको बोली अस्पष्ट हुनसक्छ ।




Federal Ministry for Economic Cooperation and Development BMZ
DAHW Deutsche Lepra- und Tuberkulosehilfe e.V.
KOPILA-Nepal 2057

बुलौंदी, लेकसाइड, पोखरा–६, फोन : ०६१–४५६४०३, ४५३४८६
E-mail : kopila2057@ntc.net.np, Website : www.kopilanepal.org.np

**टोल फ्री नम्बर: १६६० ६१ ५२००५**

स्रोत : दि हेसपेरियन फाउण्डेशन, क्यालिफोर्निया, अमेरिका

# सेरिब्रल पाल्सी (CEREBRAL PALSY) सम्बन्धी केही थप जानकारीहरू

**१. यो के ले गर्दा हुन्छ ?**

सेरिब्रल पाल्सी भएका प्रत्येक बच्चाको मस्तिष्कको विभिन्न भागमा हानी पुगेको हुन्छ । सेरिब्रल पाल्सीका कारणहरू पत्ता लगाउन अवसर गाह्रो हुन्छ ।

● **बच्चा जन्मिनुभन्दा पहिलेका कारणहरू**

- आमालाई गर्भावस्थामा विभिन्न सङ्क्रमणहरू मध्ये जर्मन दादुरा (जर्मन मिजल्स) र हर्पिज जोस्टर (सिङ्गल्स) पनि पर्छन् ।
- आमा र बच्चाको रगतमा भिन्नता हुनाले (आर एच इन्कम्प्याटिबिलिटी) ।
- आमालाई विभिन्न स्वास्थ्य समस्याहरू हुनाले जस्तै डायबिटिज (मधुमेह) ।
- वंशाणुगत - 'फेमेलियम स्पास्टिक प्याराप्लेजिया' तर यो रोग बिरलै पाइन्छ ।
- लगभग ३०% जति बच्चाहरूमा कुनै पनि कारण पत्ता लगाउन सकिँदैन ।

● **बच्चाको जन्मका समयका कारणहरू**

- **जन्मिँदाखेरि अक्सिजन (हावा) को अभाव हुनाले ।** बच्चाले जन्मिने बित्तिकै सास फेर्दैन र नीलो र लुलो हुन्छ । कतैकतै बच्चा चाँडै जन्मियोस् भनेर गलत किसिमले दिइएका हर्मोन (अक्सिटोसिक) हरूले पाठेघरमा भएका रगतका नलीहरूलाई साह्रै साँघुरा पारिदिन्छन् र बच्चाले चाहिँदो अक्सिजन पाउन सक्दैन, अनि बच्चाको मस्तिष्कमा हानी पुग्छ र ऊ नीलो र लुलो भएर जन्मिन्छ ।
- **जन्मिँदा गाह्रो भएर मस्तिष्कमा चोटपटक लाग्नाले ।** आमा कम उमेरकी या सानी छिन् र बच्चा चाहिँ ठूलो छ भने अक्सर यस्तो हुन्छ । जन्मिँदा बच्चा टाउको बेस्सरी थिच्चिन सक्छ, रगतका नलीहरू फुट्न सक्छन् र मस्तिष्कमा हानी पुग्नसक्छ ।
- **समय नपुगिकनै बच्चा जन्मिनाले ।** नौ महिना नपुगिकनै जन्मेका र जन्मिँदा २ किलो (५ पाउण्ड) भन्दा कम वजन भएका बच्चाहरूमा सेरिब्रल पाल्सी हुने सम्भावना बढी हुन्छ । सम्पन्न देशहरूमा पाइने आधाभन्दा बढी सेरिब्रल पाल्सीको कारण समय नपुगिकनै बच्चाहरू जन्मिनु हो ।

● **बच्चा जन्मिसकेपछिका कारणहरू**

- कुनै सङ्क्रमण या जल वियोजनले गर्दा एकदम बढी ज्वरो आएमा । बोतलको दूध खुवाइएका बच्चाहरूलाई यो समस्या बढी हुन्छ ।
- मस्तिष्कका सङ्क्रमणहरू (मेनिन्जाइटिस्, इनक्याफ्लाइटिस्) भएमा । मलेरिया (औलो) र टि.बि. लगायत अन्य धेरै कारणहरूबाट मस्तिष्कको सङ्क्रमण हुनसक्छ ।
- टाउकोमा चोटपटक लागेमा ।
- डुब्नाले, कुनै विषालु ग्यासले वा अन्य कुनै कारणबाट अक्सिजनको अभाव भएमा ।
- मस्तिष्कमा रगत बग्नाले ब्लिडिङ या रगत जम्नाले (ब्लड क्लट)
- मस्तिष्कमा ट्युमर (गिर्खा) हुनाले । ट्युमर भएमा पनि सेरिब्रल पाल्सीमा जस्तै चिन्हहरू देखिन्छन् तर यसमा मस्तिष्कको खराबी झन्झन् बढ्दै जान्छ ।

**२. के सेरिब्रल पाल्सी अरूलाई सर्छ ?** अहँ, सेरिब्रल पाल्सी सरुवा रोग होइन ।

**३. के सेरिब्रल पाल्सी भएका मानिसहरूले विवाह गर्न र बच्चा पाउन सक्छन्?** सक्छन्, उनीहरूबाट जन्मेका बच्चाहरूमा यो समस्या हुँदैन । (एउटा बिरलै हुने किसिमको सेरिब्रल पाल्सीमा बाहेक)

**४. सेरिब्रल पाल्सी ठीक गर्नलाई केही औषधि दिन सकिन्छ वा कुनै शल्यचिकित्सा गर्न सकिन्छ कि ?**

कम्प आउने समस्या कम या ठीक गर्ने बाहेक अरू औषधिहरूले अक्सर कुनै मद्दत दिँदैनन् । (शरीरको अरोपन कम गर्न औषधिहरू दिने गरिए तापनि अक्सर तिनीहरूले कुनै फाइदा गर्दैनन्, बरू कहिलेकाहीँ खराबै गर्नसक्छन् ।) गम्भीर रूपले भएका सङ्कुचनहरू ठीक गर्न कहिलेकाहीँ शल्यचिकित्साले मद्दत गर्न सक्छ । यदि बच्चा हिँड्न सक्छ भने मात्र शल्यचिकित्सा गर्नेतर्फ विचार गर्नुपर्छ । यदि कुनै बच्चाको शरीरमा उभिन मिल्ने जति पनि सन्तुलन छैन भने शल्यचिकित्सा गरे पनि उसलाई अक्सर केही फाइदा हुँदैन ।


Federal Ministry for Economic Cooperation and Development BMZ

DAHW Deutsche Lepra- und Tuberkulosehilfe e.V.

KOPILA-Nepal 2057

बुलौंदी, लेकसाइड, पोखरा-६, फोन : ०६१-४५६४०३, ४५३४८६
E-mail : kopila2057@ntc.net.np, Website : www.kopilanepal.org.np


**टोल फ्री नम्बर: १६६० ६१ ५२००५**

स्रोत : दि हेसपेरियन फाउण्डेशन, क्यालिफोर्निया, अमेरिका